# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ९ गते २०३१ साल

श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पोखरा औद्योगिक क्षेत्र स्थापना गर्नको निमित्त गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा नगर पञ्चायत वडा नं.१० अन्तर्गतको निम्नलिखित थप जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व विरौटाको कुलो, पश्चिम नियमित मियाँको बारी, उत्तर कुडहर जाने ठाडो बाटो, दक्षिण प्रस्तावित पोखरा औद्योगिक क्षेत्रको लागि २०३०।३।२५ को नेपाल राजपत्र भाग ४ बमोजिम श्री ५ को सरकारले प्राप्त गरेको जग्गा यति ४ किल्लाभित्रको–

१. ६१ सालको द. नं. २८ को हाल मोही शेरअली मियाँको जग्गा रोपनी ५–२–०–२ पूरै
२. ६१ सालको द. नं. १ को हाल मोही मुरसलीन मियाँको जग्गा रोपनी ५–१–३–३ पूरै
३. ६१ सालको द. नं. ११ को मध्ये हाल मोही हलीमा मियाँको जग्गा रोपनी १–२–३–२ पूरै
४. ६१ सालको द. नं. ११ को मध्ये हाल मोही सखिया मियानीको जग्गा रोपनी २–०–१–२ पूरै
५. ६१ सालको द. नं. १६ को हाल मोही कुर्बानअली मियाँको जग्गा रोपनी २–६–३–२ पूरै



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. ९१ सालको द. नं. ५ मध्येको हाल मोही विविरन मियाँको जग्गा रोपनी ०–१२–०–२ पूरै
७. ९१ सालको द. नं. ५ मध्येको हाल मोही इलाइदिन मियाँको जग्गा रोपनी ७–१४–१–१ पूरै
८. ९१ सालको द. नं. १५ को हाल मोही मङ्गले सार्कीको जग्गा रोपनी ४–६–३–२ पूरै
९. ९१ सालको द. नं. ७ मध्येको हाल मोही कृष्णबहादुर सार्कीको जग्गा रोपनी ४–१०–१–१ पूरै
१०. सार्वजनिक बाटो जनिएको रोपनी ४–९–३–२ मात्र
११. ९१ सालको द. नं. ११ मध्ये हाल मोही दिनवक्स मियाँको जग्गा रोपनी ७–१–१ पूरै
१२. ९१ सालको द. नं. ७ मध्ये हाल मोही रामबहादुर बराल क्षेत्रीको जग्गा रोपनी २–१५–०–३ पूरै
१३. ९० सालको द. मोठ नं. १७१२ मध्ये हाल मोही चन्द्रकला घिमिरेको जग्गा रोपनी १–०–२ पूरै
१४. ९० सालको द. मोठ नं. १७१२ मध्ये हाल मोही नगेन्द्रराज घिमिरेको जग्गा रोपनी २–३–२ पूरै
१५. ९० सालको द. मोठ नं. १७१२ मध्ये हाल मोही पद्मराज घिमिरेको जग्गा रोपनी २–११–२–१ पूरै
१६. सार्वजनिक कुलो जनिएको रोपनी ०–४–३–२ समेत जम्मा मालपोत रू. १८।३९ (अठाह्र रुपैयाँ उनन्चालीस पैसा) लाग्ने जम्मा जग्गा रोपनी ५४–११–२–१ (चवन्न रोपनी एघार आना दुई पैसा एक दाम) को कित्ता एक—— —— —— —— —— —— —— ——— १

आज्ञाले–
शिवनारायण दास
श्री ५ को सरकारको सचिव

९६

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।